बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

बबई गाउँपालिकाको गाउँसभाको १९औं अधिवेशनमा
गाउँपालिका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्रीद्धारा प्रस्तुत

आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## उपस्थित गाउँसभाका सदस्यज्यूहरु,

## गाउँपालिका परिचय

बबई गाउँपालिका दाङको सबैभन्दा पश्चिममा पर्ने गाउँपालिका हो । यो नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, स्वायत्त संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको लुम्बिनी प्रदेश अन्तर्गतको दाङ जिल्लामा पर्ने एक स्थानीय तह बबई गाउँपालिका जिल्ला सदरमुकाम घोराही देखि ४६ किलोमिटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ। साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजन भई यस गाउँपालिकाको निर्माण भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल २५७. ४८ वर्ग किलोमिटर रहेको छ। २०७८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या ३०९८६ र कुल घरधुरी ७५२७ रहेको छ यस गाउँपालिकामा ७ वटा वडा रहेका छन्। यस पालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ । यस गाउँपालिकामा बाहुन क्षेत्री, मगर, दलित, थारु लगायतका जातिको बाहुल्यता रहेको छ। यस गाउँपालिकाका मुख्य भाषा नेपाली, थारु र मगर रहेका छन्। यस गाउँपालिकामा खेतीपातीको लागि उर्वर भूमि रहेको छ । यस गाउँपालिकाका पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर  शिवालय मन्दिर र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थल हुन् । यस बबई गाउँपालिकामा ३४ वटा विद्यालय, २ वटा अस्पताल १ वटा स्वास्थ्य चौकी र ५ वटा स्वास्थ्य केन्द्र , २ वटा इलाका प्रहरी र १ प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी पोष्ट र १ वटा क्याम्पस रहेका छन । यस पालिकाको विच भागवाट तुल्सीपुर सुर्खेत रोड मार्ग छ भने हापुरे वबरपुर गंगटे हुदै कोहलपुर जोडने सडक निर्माणाधिन अवस्थामा छ। यस पालिकामा अव्यवस्थित वसोवास र राष्ट्रिय निकुन्ज मध्यवर्ति क्षेत्र भित्रका बस्तिहरु विशेष चुनौतिको रुपमा रहेका छन ।समग्रमा यो बबई गाउँपालिका प्राकृतिक सम्पदाले सम्पन्न पालिका हो ।

## गाउँ सभाका सदस्य ज्यूहरु,

संघीय शासन व्यवस्था अन्तर्गत स्थानीय सरकारको दोस्रो कार्यकालको चौथो आर्थिक वर्ष पूरा भई यस बबई गाउँपालिकाको आ.व २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दै गर्दा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। यस अवसरमा म मुलुकको राजनीतिक,आर्थिक तथा सामाजिक परिवर्तनका लागिं जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनमा घाइते, अपाङ्ग, वेपत्ता नागरिक र तिनका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

सभा सदस्यज्यूहरु

मानव अधिकारको स्थापना र विकास समाज रुपान्तरणको विश्वव्यापी आन्दोलनकै अभिन्न अंगको रुपमा रहेको नेपाली राजनैतिक, सांस्कृतिक, सामाजिक आन्दोलनहरूले विभिन्न काल खण्डमा स्थापित गरेका परिवर्तनका स्वरुपको परिणाम आज नेपाली जनताले सार्वभौम सत्तालाई सुरक्षित राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागु सँगसँगै संविधानको भावना मर्म अनुरूप तीनै तहका सरकारहरू संघीयताको कार्यान्वयनको चरणमा छौं।



कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

सभा सदस्यज्यूहरु

जेन्जी आन्दोलनले समग्र राष्ट्रिय राजनितिमा दुरगामी प्रभाव पाऱ्यो आवधिक निर्वाचनको संवैधानिक आधार क्रमभङ्ग हुन गई तत्काल संसद भंगभई सरकार अपदस्त हुन पुग्यो नयाँ राजनितिक परिस्थिति सृजना भई अन्तरिम चुनावी नागरिक सरकार गठनका साथै २०८२/११/२१ मा नयाँ संसदको लागि निर्वाचन भै निवार्चनद्धारा जेन्जी आन्दोलनको प्रभाव, मर्म र भावना अनुरुप जनताको अभिमतद्धारा संसदको नयाँ स्वरुपको आधारमा करिव २/३ को सक्रिय सरकार गठन भएको सर्व विदितै छ । जेन्जी आन्दोलनवाट उत्पन्न सकारात्मक/नकारात्मक प्रभाववाट हाम्रो बबई गाउँपालिका पनि अछुतो रहन सकेन उक्त आन्दोलनको रापमा हाम्रो पालिका परिसरका केही शाखाहरु पुर्णरुपमा ध्वस्त हुन पुगे भने सभाहल प्रशासनिक भवनहरु र केही सवारी साधन लगायत आन्तरिक सामाग्रीहरुमा व्यापक क्षेति हुन पुग्यो । सिमित साधन श्रोतका वावजुद घटनावाट भएको क्षतिलाई व्यवस्थित गर्न नागरिक समाज जनप्रतिनिधि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवारको अथक प्रयास र समर्पित भूमिकाका साथै सुरक्षाकर्मि, संचार कर्मि लगायत सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक सहयोगका लागि हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

सभा सदस्यज्यूहरु

शान्ति, समृद्धि र विकासको लक्ष्य हाँसिल गर्नको लागि संघीय संरचना अन्तर्गतको स्थानीय सरकार जनताको निकट र प्रत्यक्ष सम्पर्कमा रहेको सरकार भएकाले त्यस प्रति जनअपेक्षा वढि हुनु स्वाभाविक हो। त्यसैले जनअपेक्षा अनुरूप नीति निर्माण गरि समाजमा रहेका विभिन्न विभेद र असमानताका अवशेषहरुलाई अन्त्य गर्दै समावेशिताको आधारमा सम्वृद्धिको लक्ष्य हासिल गर्ने गराउने चुनौती र दायित्व आज स्थानीय सरकार सामु देखा परेको छ। यस चुनौतीलाई आत्मसाथ गर्दै लक्ष्य हासिल गर्न शिक्षा, राजनीति, सामाजिक संस्कार, आर्थिक अनियमितता र नीतिगत जटिलतामा व्यापक संशोधन र सुदृढीकरण गर्न सके मात्र हाम्रो समृद्धिको यात्रा अघि बढ्न सक्छ भन्ने कुरामा हामि दृढ छौ। तसर्थ बबई गाउँपालिकाको समुन्नत बबई, सुखी जनताको लक्ष्य पूरा गर्न " हाम्रो उत्पादन हाम्रो बजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार " भन्ने नारालाई आत्मसाथ गर्दै आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न गइरहेको छु । विश्वास छ सबै पक्षबाट सहयोग र समर्थन प्राप्त हुनेछ ।

**अव म हाम्रा सामु रहेका अवसर तथा चुनौतीहरु प्रस्तुत गर्न चाहान्छु।**

कुल बहादुर बनी क्षेत्री
अध्यक्ष

संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार स्थानीय तहलाइ प्राप्त छन ।आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा नीति तथा ऐन, कानून तर्जुमा गर्ने अधिकार हामीलाई छ। गाउँपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माणले आगामी गन्तव्य समेत स्पष्ट भएको छ।गाउँपालिका भित्रको भौगोलिक तथा सांस्कृतिक विविधता हाम्रो सामु अनुपम उपहार हुन। गाउँपालिका भित्र बिभिन्न स्थानहरुमा सडक पूर्वाधारको पहुँच र सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु हाम्रो लागी गौरवको कुरा हो। पालिकाको दक्षिण तर्फ प्रयाप्त जलस्रोत सहित बबई नदी प्रवाहित छ। पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर शिवालय मन्दिर, चिसापानी मन्दिरजस्ता थुप्रै ऐतिहासिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यहरु हामिसँग छन।अनुभवी जनप्रतिनिधि तथा क्षमतावान कर्मचारीको सहाकार्य र समन्वय बाट बबई गाउँपालिकाको समुन्नत बबई, सुखी जनताको लक्ष्य पूरा गर्न हाम्रो माझ ठुलो अवसर छ।

**सभा सदस्यज्यूहरु**

हाम्रो सामु रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, कृषि उत्पादनलाई बजारको सुनिश्चितता गर्नु, युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गर्नु, व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु, वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु, निर्माण भएको पूर्वाधारको मर्मत संभार र दिगो संचालन पद्धतिको विकास गर्नु, स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चतता गरी बसाइसराइको दर कम गर्नु, गाउँपालिकाको उच्च स्थानमा रहेको कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु, बादर, बदेल, दुम्सी, राते, चितुवा जस्ता वन्यजन्तुबाट कृषि बाली तथा पशु धनको सुरक्षा गर्नु, संघ प्रदेश र स्थानीय तहका अधिकारका साझा सुची भित्रका विषयमा आवश्यक कानुनहरु निर्माण गर्नु र तीन तहका सरकार बीच समन्वयको अभाव रहनु जस्ता विभिन्न चुनौतीहरु रहेका छन।

## चालु आवमा गरिएका संक्षिप्त प्रगति

चालु आ.ब २०८२।८३ मा यस बबई गाउँपालिकामा करिव २.५७ किलोमिटर सडक कालोपत्रे, सडक नाला तथा सिंचाइ नाला गरि जम्मा ८.५ किमि, ग्राभेल ७.४२ किमि, स्तरउन्नति ४ कि मि र करिव १० कि मि नयाँ ट्रयाकको काम सम्पन्न गरिएको छ। भिउ टावर निर्माण कार्य सम्पन्न भएको छ। चिस्यान केन्द्र निर्माण कार्यको ९० प्रतिशत काम सम्पन्न भएको छ। विभिन्न ठाउँमा साना ठूला कलभर्ट निर्माण भएका छन।मानव विकासलाई उच्च प्राथमिकतामा राखी विभिन्न तालिमहरु संचालन भएका छन।बालबालिकामा शिक्षाको हक सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन।विद्यालय तथा स्वस्थ्य संस्थाहरुमा संचार तथा इन्टरनेटको सविधा विस्तार गरिएको छ।सेवा सुविधालाई नागरिक मैत्री बनाउन विभिन्न अनलाइन प्राणालीको प्रयोगमा जोड दिइएको छ। नागरिकको स्वास्थ्य सम्बन्धिको संबैधानिक हक लाई सुनिश्चित गर्न विभिन्न उपचारात्मक सेवाका साथै चेतनामुलक कार्यक्रमहरु संचालन भईरहेका छन। विभिन्न लक्षित समुहहरुको उच्च सम्मान गर्दै लक्षित कार्यक्रमहरु संचालन भैरहेका छन। खेल क्षेत्रको विकासका लागी युवा लक्षित विभिन्न खेलकुद कार्यक्रमहरु

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

संचालन गरिएको छ। नागरिकलाई छिटो छरितो सेवा दिने घुम्ती शिविर संचालन जस्ता कार्यक्रम वाट नागरिमैत्री सेवा प्रवाह गरिएको छ।

**गाउँ सभा सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## १. आर्थिक विकास

**" हाम्रो उत्पादन बजार हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"**

### क. कृषि तथा पशुपालन

१- कृषि सडक, सिँचाइ र विद्युतीकरणको विस्तार गर्दै उत्पादित उपजको भण्डारण र विक्री-वितरणका लागि निर्माणाधिन शीत भण्डारलाई यसै वर्षदेखि सञ्चालनमा ल्याइ कृषि जन्य उत्पादनलाई वजारीकरण गर्न सङ्कलन केन्द्र र कृषि एम्बुलेन्स सञ्चालनको लागि प्राथमिकता दिइनेछ।

२- व्यवसायिक खेतीमा अभिवृद्धि गर्न बीउ, मल, आधुनिक यन्त्र-उपकरण तथा प्रविधि खरिदमा अनुदान उपलब्ध गराई कृषकहरूको सीप र क्षमता विकास गरिनेछ।

३- माटो अनुकूल बाली चयन, रैथाने प्रजातिको संरक्षण, र फलफूल, नगदे तथा मसला बालीलाई पहिचान, उत्पादन, प्रवर्धन गरी बजारिकरणका लागि ब्रान्डिङ गर्न जोड दिईनेछ।

४- रसायनमुक्त एकीकृत शत्रुजीव व्यवस्थापन (IPM), पोषण सुधारका लागि करेसाबारी र प्राकृतिक प्रकोप वा महामारीजन्य कृषि विपद् व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ।

५- कृषकको खेतबारीमै कृषि प्राविधिक सेवा पुऱ्याउन नियमित फिल्ड अनुगमन गरिनेछ र कृषि व्यवसायमा हुन सक्ने हानि-नोक्सानीको क्षतिपूर्तिको लागि कृषि बीमा कार्यक्रमको प्रभावकारिताको व्यापकता बढाउन सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

६- रोग निदानलाई छिटो र प्रभावकारी बनाउन डिस्पेनसरी तथा प्रयोगशाला कक्ष निर्माण गरिनेछ, गाउँपालिकाका विकट बस्तीहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

७- पशु-पंक्षीहरूमा लाग्ने महामारी रोगहरू (पी.पी.आर., स्वाइन फिभर, खोरेत, रानीखेत आदि जस्ता) नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

८- व्यवसायिक पशुपालनलाई बढवा दिनका लागि घाँसको बीउ, दाना, औजार तथा गोठ सुधार जस्ता कार्यक्रम ल्याईनेछ।

९- पशुमा नश्ल सुधारका लागि उचित प्रवन्ध गरिनेछ ।

१०- पशुपालक कृषकहरुलाई व्यवसायिक बनाउनका लागि सीप विकास तालिमको प्रवन्ध गरिनेछ ।

### ख. सहकारी प्रवर्धन

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

१- सहकारी संस्थाहरूमा पारदर्शिता, उत्तरदायित्व र आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ र वार्षिक साधारणसभा, नियमित लेखापरीक्षण, तथा प्रतिवेदन पेस गर्ने कार्यलाई अनिवार्य बनाई सदस्यको हित संरक्षण गरिनेछ।

२- सहकारी संस्थाहरूको व्यवस्थित वर्गीकरण तथा जोखिम मूल्याङ्कन प्रणाली लागू गरिनेछ; र निष्क्रिय तथा समस्याग्रस्त सहकारीहरूको पहिचान गरी तिनीहरूको सुधार, पुनःउत्थान तथा व्यवस्थापनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३- डिजिटल अभिलेखीकरण तथा अनलाइन प्रतिवेदन प्रणाली लागू गरी सहकारी व्यवस्थापन सूचना प्रणाली (**COPOMIS**) को प्रयोगलाई शत-प्रतिशत प्रभावकारी बनाइनेछ र सहकारीहरूलाई प्रविधिमैत्री सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ।

४- पालिका भित्रका सहकारी संस्थाहरूको नियमित स्थलगत अनुगमन र निरीक्षण गरिनेछ; र **PEARLS** (वित्तीय सूचकाङ्क मापन) तथा **MCI** (व्यवस्थापन क्षमता सूचकाङ्क) विधिका आधारमा सहकारीहरूको सहभागितामूलक वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

५- कृषि, पशुपालन, दुग्ध, तरकारी, फलफूल, घरेलु उद्योग तथा उद्यमशीलतामा आधारित उत्पादनमुखी सहकारीहरूलाई प्राथमिकता दिइनेछ।

६- सहकारीका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारीहरूको कार्यक्षमता बढाउन नियमित व्यवस्थापन तालिमहरू सञ्चालन गरिनेछ। शेयर सदस्यहरूका लागि सहकारी शिक्षा तथा सचेतना कार्यक्रम चलाउँदै उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई सार्वजनिक रूपमा प्रोत्साहन तथा सम्मान गरिनेछ।

७- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सहकारीमा पहुँच विस्तार गर्न युवामैत्री र महिलामैत्री सहकारी कार्यक्रम सञ्चालन गरिनेछ। सहकारीहरूलाई सामाजिक उत्तरदायित्व (CSR) का कार्यहरू तथा वातावरण संरक्षण र हरित अर्थतन्त्रमा सहभागिता बढाउन प्रेरित गरिनेछ।

## ग. उद्योग तथा वाणिज्य

१- लघुउद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता तथा सिप तालिम संचालन गरि स्थानीय स्रोत र साधन कच्चा पदार्थ र सिपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्तो उद्योगका स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सृजनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

२- परम्परागत रूपमा सञ्चालन भएका आरन, सिलाई कटाई, जुत्ता सिलाई, ठेकी कुदने र परम्परागत साँस्कृतिक रीतिरिवाजको संरक्षण गर्दै व्यवसायकरणमा जोड दिइनेछ छ। सो कार्यका लागि कृषि पशु तथा रोजगार शाखासँग समन्वय गरी गरिनेछ ।

३- लघु घरेलु तथा साना उद्योग विकासका लागी आवश्यक वित्तीय क्षेत्रमा प्रोत्साहन गर्ने र स्थानीय उत्पादनको उपभोग र प्रर्वद्धनमा जोड दिइने साथै स्टाटउप कर्जासँग जौड्दै व्यवसायी विस्तार गरिनेछ ।

४- उपभोक्ता हित संरक्षण र बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाइने छ। खाद्यन्न पसल र विषादी जन्य बस्तुहरूको विक्रि वितरणको लागि छुट्टाछुट्टै पसललाई मात्र अनुमति दिइनेछ।

५- विगतका वर्षमा प्रदान गरिएको सिप विकास तालिम प्राप्त व्यक्तिहरुलाई पुनर्ताजगी तालिम दिइनेछ साथै तालिम लिइसकेका उद्यमीहरुको तथ्यांङ संकलन गरी उनीहरुले प्राप्त गरेका सिप र



कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

दक्षतालाई रचनात्मक रुपमा प्रयोग गर्ने, प्रोत्साहन गर्ने, व्यक्तिगत र समूहगत रुपमा साना उद्योग स्थापनामा प्रोत्साहनको लागि ५० % लगानी अनुदानको व्यवस्था गरिने छ।

६- उत्कृष्ट उद्यमीहरुलाई सम्मानको कार्यक्रम अघि बढाइनेछ ।

## घ. पर्यटन

१- गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरी सोही आधारमा पुरन्धारा झरना विकास योजनालाई गौरवको आयोजनाको रूपमा ठेक्का/टेण्डर मार्फत व्यवस्थित गरिनेछ।

२- धागेछहरा, सिद्ध गुफा, बबई नदी लगायतका स्थलहरूमा सडक, खानेपानी र अपाङ्गतामैत्री शौचालय विस्तार गरिनेछ तथा नाका र चोकहरूमा डिजिटल डिस्प्ले बोर्ड राखिनेछ। पर्यटकीय क्षेत्र विकासमा निजी र सामुदायिक संघ सस्थाहरु सँग लागत साझेदारी (PPP Model) गरिनेछ।

३- विभिन्न जातजातिका धार्मिक, सांस्कृतिक पर्व र संस्कारहरूलाई संरक्षण गरिनेछ तथा कला-संस्कृतिका क्षेत्रका नव प्रतिभाहरूको खोजी गरी सम्मान गरिनेछ।

४- अन्य स्थानीय तहहरूसँग पर्यटन प्रवर्द्धन र असल अभ्यास आदानप्रदानका लागि भगिनी सम्बन्ध स्थापित गरिनेछ।

## ङ. रोजगारी

१- 'प्रधानमन्त्री रोजगार कार्यक्रम' र पालिकाको आन्तरिक बजेटको समन्वयमा बेरोजगार सूचीमा दर्ता भएका नागरिकहरूलाई तोकिएको न्यूनतम दिनको रोजगारी अनिवार्य उपलब्ध गराइनेछ।

२- स्थानीय बजारको माग अनुरूपका सीपमूलक तालिमहरू (जस्तैः डकर्मी, प्लम्बिङ, इलेक्ट्रिसियन, कटाई-बुनाई आदि) सञ्चालन गरी उनीहरूलाई उद्यमशीलता सँग जोडिनेछ।

३- घरेलु तथा साना उद्योगहरूको दर्ता, नवीकरण र उद्यमशीलता विकासका लागि "एकिकृत उद्यम विकास सेवा" पालिकास्तरमै बनाइनेछ।

४- युवा लक्षित रोजगारका अवसरहरु सिर्जना गर्न पहल गरिनेछ।

५- नीजि क्षेत्र मार्फत रोजगारी सिर्जना गर्ने व्यवसायिक उत्पादनलाई प्राथमिकता दिई रोजगारी सिर्जनाका आधारमा सहुलियत र सहायता उपलब्ध गराइनेछ।

## छ. सुरक्षित आप्रवासन

१- वैदेशिक रोजगारलाई सुरक्षित बनाउन प्रत्येक वडामा नियमित जनचेतनामूलक कार्यक्रम, विद्यालय तथा समुदाय स्तरमा अभिमुखीकरण, र सुरक्षित आप्रवासन दिवस मनाउने कार्यलाई निरन्तरता दिइनेछ।

२- वैदेशिक रोजगारमा जाने नागरिकका लागि अनिवार्य पूर्व-प्रस्थान परामर्श सेवा उपलब्ध गराइनेछ; साथै हेल्पडेस्क, सूचना बोर्ड, डिजिटल प्रणाली र सामाजिक सञ्जालमार्फत स्थानीय स्तरमै श्रम स्वीकृति, बीमा, र उद्धार सम्बन्धी सूचना प्रवाह गरिनेछ।

३- पालिका भित्रका नागरिकहरु वैदेशिक रोजगारीको सिलसिलामा जानुपर्दा गन्तव्य मुलुकमा वेहोर्नु परेको 3D (Dirty, Difficult and Dangerous) कामलाई न्यूनीकरण गर्न जानु पूर्व श्रमिक र बजार मागको अध्ययन गरी सीपमूलक तालिम प्रदान गरी वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र उचित श्रममुल्य प्राप्त गर्न आवश्यक कार्यक्रम ल्याईने छ ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

४- वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको तथ्यांक संकलन गर्न सामि, रोजगार र उद्यम विकासका कार्यक्रमका जनशक्तिलाई एकिकृत गरी परिचालन गरिने छ । श्रमिकको सीप, अनुभव तथा पुँजीलाई स्थानीय उत्पादनशील क्षेत्र, उद्यम सञ्चालन र स्वरोजगारसँग जोड्न सहजीकरण गरिनेछ।

५- वैदेशिक रोजगारीबाट आएको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न विप्रेषण सदुपयोग सम्बन्धी तालिम, पारिवारिक बजेट योजना तालिम, र बैंक तथा सहकारीसँग समन्वय गरी बचत गर्ने संस्कृतिको विकास गरिनेछ।

६- वैदेशिक रोजगारको क्रममा मृत्यु, दुर्घटना वा समस्यामा परेका श्रमिकका परिवारलाई कानुनी प्रक्रियामा सहजीकरण र परामर्श दिइनेछ। प्रभावित महिला तथा बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

७- कार्यक्रमलाई थप प्रभावकारी बनाउन वैदेशिक रोजगार बोर्ड, श्रम तथा रोजगार कार्यालय, निजी क्षेत्र, गैरसरकारी संस्था (NGOs) र स्थानीय सामुदायिक संस्थाहरूसँग समन्वय, सहकार्य र परिचालन गरिनेछ।

### ज. भुमी

१- गाउँपालिकाको भु-उपयोग योजना र जग्गा वर्गिकरण सम्बन्धी योजना निर्माण गरी लागु गरिनेछ।

२- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुले आवाद कमोत गरेको जग्गाको नापजाँच, पहिचान र प्रमाणीकरण गरी जग्गाधनी पूर्जा वितरण कार्यलाई अगाडी वढाइनेछ ।

३- बबई गाउँपालिकाले आगमी वर्षबाटै मालपोत तथा भूमि प्रशासन सम्बन्धी कार्य सुचारु गर्न आधारभूत संरचना निर्माण; तयारी र जनशक्ति व्यवस्थापन गर्न भूमि व्यवस्थापन शाखाको स्तरोन्नती गरिने छ ।

४- जग्गाको वर्गिकरण अनुरुप नाप नक्शांकन गरी बहाल विटौरी कर संकलनमा जोड दिइनेछ ।

५- मापदण्ड विपरितको जग्गाको खण्डीकरण कार्यलाई नियन्त्रण र चक्लावन्दी कार्यलाई प्रोत्साहन गरिनेछ ।

६- जग्गाधनीले प्रयोग नगरेको वा बाँझो रहेको जग्गालाई एकिकृत रुपमा व्यवस्थापन गरी उत्पादन र आर्थिक गतिविधि सँग जोडन भूमि बैंक मार्फत उपयोगमा ल्याउने नीति लिइनेछ ।

## २. सामाजिक विकास

### क. शिक्षा

"गुणस्तरीय शिक्षा हामी सबैको साझा दायित्व"

१- शिक्षा क्षेत्रलाई दीर्घकालीन सुधारका लागि प्रविधि मैत्री शिक्षालाई जोड दिईने छ ।

२- विद्यालयमा पठनपाठनलाई प्रविधिमैत्री बनाउँदै आधुनिक सुचनाप्रवविधि अनुरुप प्रतिस्पर्धी जनशक्ति निर्माण गर्न प्रत्यक सामुदायिक विद्यालयमा स्मार्ट डिजिटल वोर्ड जडान गरिने छ र शिक्षकको क्षमता विकाशका लागि सुचना प्रविधिमैत्री क्षमता विकासको कार्यक्रम ल्याईने छ ।

३- सीपयुक्त, व्यावसायिक र नैतिक शिक्षाका लागि आवश्यक प्रवन्ध गरिने छ ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

४- विद्यालय उमेरका सबै बालबालिकाको विद्यालयमा खुद भर्ना दर (NER) शत-प्रतिशत पुऱ्याउन र बीचैमा कक्षा छाड्ने दर (Dropout Rate) न्यून गर्न लक्षित छात्रवृत्ति र दिवा खाजा कार्यक्रमलाई थप गुणस्तरीय र प्रभावकारी बनाइनेछ

५- सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, डिजिटल सिकाइ र शिक्षकहरूको निरन्तर क्षमता विकासका कार्यक्रम संचालन मापन गरिनेछ।

६- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँचमा ल्याइनेछ, प्राविधिक- धारका विद्यालयहरूमा सैद्धान्तिकसँगै व्यावहारिक शिक्षामा जोड दिइनेछ, र विकट क्षेत्रमा आवासीय विद्यालय सञ्चालन गरिनेछ।

७- विद्यार्थीहरूको आत्मनिर्भरताका लागि 'पढ्दै कमाउँदै' अवधारणाको विकास गरिनेछ। निर्माण भइसकेको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गर्न आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ।

८- किशोरीहरूका लागि प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तालिम कार्यक्रम सञ्चालन गरिनुका साथै समग्र किशोर-किशोरीहरूमा सकारात्मक उत्प्रेरणा जगाउन विभिन्न तालिम तथा गोष्ठीहरू आयोजना गरिनेछ।

९- विद्यालयको आन्तरिक सुधारका लागि समुदायलाई अग्रसर बनाईने छ । साथै शिक्षक अभिभावक र विद्यार्थीको त्रिपक्षीय सम्बन्धलाई सघन बनाउदै समुदायलाई जिम्मेवार बनाउने वातावरण सृजना गरिनेछ ।

१०- आवश्यकता र वास्तविक जीवनसँग जोडने जीवनोपयोगी शैक्षिक पाठ्यक्रमको विकास गरी सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाई पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप, उद्यमशिल क्रियाकलाप विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानको वोध गराउन अवलोकन भ्रमण पद्धतिवाट अभ्यास कक्षाका साथै प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

११- सबै विद्यालयमा इन्टरनेट सुविधा विस्तार गरी सूचना प्रविधिमा आधारित शिक्षण पद्दतीको विकास गरिनेछ।

१२- सामुदायिक र नीजि विद्यालयको शैक्षिक स्तरमा विद्यमान विभिन्नता हटाउँदै लैजाने र शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक र संस्थागत विद्यालयहरुमा शिप, ज्ञान र नविनतम प्रविधि एवं अभ्यासहरु आदानप्रदान गरिनेछ।

१३- अति विपन्न दलित आदिवासी लोपोन्मुख जातिका तथा अपांगता भएका विद्यार्थीहरुका लागि मापदण्ड तयार गरी प्राविधिक शिक्षा छात्रवृति योजना लागु गरिनेछ ।

## ख. यूवा तथा खेलकुद

१- वैदेशिक रोजगारबाट फर्केका युवाहरूको ज्ञान र सीपलाई पालिकाको स्थानीय आर्थिक विकास योजनासँग आबद्ध गरी उद्यमशीलता प्रवर्द्धन गरिनेछ र युवाहरूमा "विदेश हैन विजनेश" भन्ने भावना जागृत गराई स्वरोजगार बनाइनेछ।

२- विकास, योजना, नीति निर्माण र दुरगामी प्रभावपर्ने निर्णय प्रकृयामा युवाहरुको अर्थपूर्ण सहभागिता सुनिश्ति गर्न युवा क्लब र युवा सञ्जाल जस्ता संरचना तयार गरि सार्थक सहभागिता सुनिश्चित गरिने छ ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

३- क्रिकेट रङ्गशाला, हापुरे खेल मैदानको स्तरोन्नति गरिनेछ। "एक वडा एक खेल मैदान" र "एक वडा एक व्यायामशाला" को नीति अनुरूप खेल पूर्वाधारको निर्माण र नियमित मर्मत-सम्भार गरिनेछ।

४- खेलाडीहरूको हौसला बढाउन विधागत खेलका लागि छुट्टै "पुरस्कार राशि कोष" स्थापना गरी यसको दिगो व्यवस्थापन गरिनेछ र पालिकाका गौरवका खेलकुद प्रतियोगिताहरू आयोजना गर्न सरोकारवालाहरूसँग साझेदारी गरिनेछ। र खेलक्षेत्रबाट उत्कृष्ट प्रदर्शन गरी पालिकाको मान र गौरव बढाउन योगदान गर्ने खेलाडिहरुको व्यवस्थित अभिलेखिकरण गर्ने कार्य सुचारु गरिने छ ।

५- स्थानीय स्तरमा युवा सशक्तीकरण र परिचालनका लागि वडा स्तरीय खेलकुद समितिहरू तथा राष्ट्रपति रनिङ शिल्ड लगायतका खेल विधाका समितिहरू गठन गरी खेलकुद संचालनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

६- बबई गाउँपालिकावाट जिल्ला प्रदेश र संघ स्तरिय खेलकुदमा प्रतिनिधित्व गर्ने उपाधि प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ,।

७- विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि पालिका भित्रका आधारभूत विद्यालयहरूमा योग प्रशिक्षक र माध्यमिक विद्यालयहरूमा खेलकुद प्रशिक्षकको व्यवस्था मिलाइनेछ।

८- सामुदायिक विद्यालयका शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन (Performance Appraisal) लाई विद्यार्थीहरूको अन्तिम सिकाइ उपलब्धिसँग अनिवार्य आबद्ध गरिनेछ।

९- गरिबी न्यूनीकरण र जीविकोपार्जनमा सहजीकरण गर्न विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरूलाई बजारको माग अनुसारका प्राविधिक, व्यावसायिक र उद्यमशील तालिमहरू प्रदान गरिनेछ।

## ग. स्वास्थ्य

१- पालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारले तोकेका आवश्यक औषधिहरू र स्वास्थ्य उपकरणहरूको निरन्तर उपलब्धता (Zero Stock-out) सुनिश्चित गरिनेछ।

२- पूर्ण खोपयुक्त पालिकाको साख जोगाइराख्न र सुरक्षित मातृत्व (Institutional Delivery) सूचक सुधार गर्न गाउँघर क्लिनिक र खोप केन्द्रहरू सुदृढ गरिनेछन्।

३- महिला स्वास्थ्य स्वयंसेविकाहरूको परिचालन र प्रोत्साहन कार्यक्रमलाई सूचकसँग जोडिनेछ।

४- सामाजिक सुरक्षा सुविधा नपाएका ६० वर्ष पुरा भएका दिर्घ रोगी, मुटु, क्यान्सर, पक्षघातका रोगीहरुलाई वार्षिक ५ हजार आर्थिक सहयोगको व्यवस्था गरिनेछ  साथै विपन्न अति विपन्न नागरिकलाई ५०% स्वास्थ्य विमा शुल्क अनुदानको व्यवस्था गरिनेछ।

५- हापुरे प्राथमिक अस्पताल, आधारभूत स्वास्थ्य केन्द्रहरु नागरिक आरोग्य केन्द्र र स्वास्थ्य चौकीहरुमा प्रदाण गरिदैं आएको स्वास्थ्य सेवा लाई थप प्रभावकारी, गुणस्तरिय बनाउन औषधी र उपकरणहरूको कमिहुन नदिन आवश्यक बजेटको व्यवस्था गरिने छ।

६- हंसपुरमा निर्माण सम्पन्न १५ सैया बबई आधारभूत अस्पतालको सेवा सुविधा विस्तार गरी पूर्ण क्षमतामा सञ्चालन गर्न आर्थिक स्रोतसाधन र जनशक्तिको उचित प्रवन्ध गरिने छ ।

७- आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन लैजान एम्बुलेन्स सेवाको प्रवन्ध गरिनेछ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

८- आधारभूत स्थास्थ सेवा प्राप्त गर्ने नागरिकहरुको आधारभूत अधिकारमा कुनै पनि प्रकारको विभेद गरिने छैन साथै कमोजर पिछडावर्ग विपन्न र विशेष संरक्षणको आवश्यकता पर्ने नागरिकहरुलाई विशेष सहुलियत दिने गरी थप व्यवस्था मिलाईने छ।

९- स्वास्थ क्षेत्रका जनसक्ति, स्वास्थ संस्थाहरुको कार्यचाप र सेवा प्रवाहको फ्लो समेतको अनुगमन र निरिक्षण गरी कार्यचाप, आवश्यकता र जनशक्तिवीचको उचित सन्तुलन कायम गर्ने गरी आवश्यक व्यवस्था मिलाईने छ ।

## घ. खानेपानी तथा सरसफाई

१- बबई गाउँपालिका वडा नं. १ देखि ७ सम्मका खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गरिनेछ। उ

२- खानेपानी उपभोक्ता समितिलाई पालिकाको मातहतमा ल्याई सवै नागरिकको सुद्ध खानेपानीको अधिकार स्थापित गर्न एकीकृत रणनीति तयार गरी खानेपानी दीगो समाधान गरिने छ ।

३- आधारभूत खानेपानीको पहुँच पुगेका आयोजनाहरूको मुहान शुद्धीकरणका लागि वाटरगार्ड, ब्लिचिङ पाउडर प्रयोग गरिनेछ र बबई गाउँपालिकाका विकट वडाहरूका आवश्यक घरधुरीमा चाङ तथा जुठ्यान (जुठेल्नो) निर्माण गरिनेछ।

४- योजनाबद्ध विकासका लागि वडा नं. १ देखि ७ सम्मको वास प्लान (WASH Plan) को डाटा संकलन गरी विवरण अद्यावधिक गरिनेछ।

५- खानेपानीको र जैविक विविधता संरक्षणको लागि बबई गाउँपालिका अन्तर्गतका महत्पूर्ण च्याटिखोला, घट्टेखोला, ट्वाङखोलाका मुहान क्षेत्रमा कृतिम जलाशयको संभाव्यता अध्ययन गरी जलाधार तथा सिमसार क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ।

६- कुहिने र नकुहिने फोहोर संकलन गरी डस्टबिन व्यवस्थापन वा डिस्पोजका लागि खाडलहरू निर्माण गरिनेछ। मेरो टोल म आफै सफा राख्छु, फोहरबाट मोहर जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

७- WASH (खानेपानी, सरसफाई तथा स्वच्छता) योजना अनुसार कार्यक्रमहरू अगाडि बढाइनेछ।

८- फोहोरमैला व्यवस्थापनका लागि 'स्रोतवाटै वर्गीकरण' गर्ने नीति लागू गरी आधुनिक डम्पिङ वा प्रशोधन केन्द्र सञ्चालन गरिनेछ।

९- विद्यालय र सार्वजनिक स्थलहरूमा अपाङ्गतामैत्री र महिनावारी स्वच्छता (MHM) मैत्री शौचालयको व्यवस्था गरिनेछ।

## ङ. लैंगिक समानता र सामाजिक समावेशिकरण

१- गाउँपालिकाको बजेट सिलिङ र विनियोजनमा लैङ्गिक उत्तरदायी बजेट कोडिङ (GRB Coding) लागु गरिनेछ र वर्षमा एक पटक अनिवार्य रूपमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI) गरिनेछ।

२- साझेदार संघ-संस्थाहरूसँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति वनाई कार्यान्वयन गरिनेछ र पालिकाभित्रका महिला समूह, समिति तथा सहकारी संस्थाहरूलाई सक्रिय बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३- महिलाहरूको आयआर्जन र आर्थिक आत्मनिर्भरताका लागि सीप-विकास तालिम सञ्चालन गरिनेछ र उद्योग स्थापना गरेमा अनुदानको व्यवस्था गरिनेछ। साथै लैङ्गिक हिंसा निवारण कोष र सेफ हाउस (Safe House) को व्यवस्थापनलाई सुदृढ गरिनेछ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

४- पालिकामा बालअधिकार समिति गठन, बाल कल्याण/संरक्षण अधिकारीको नियुक्ति, र बालवालिका सम्बन्धी आवश्यक कानुन निर्माण गरिनुका साथै बाल कोषको स्थापना र सञ्चालन गरिनेछ।

५- बालबालिकासँग काम गर्ने सार्वजनिक, निजी तथा सामाजिक संस्थाहरूमा बाल यौन दुर्व्यवहार र हिंसा रोकथामका लागि बाल संरक्षण मापदण्ड बनाई प्रभावकारी कार्यन्वयका लागि QRT गठन गरिने छ ।

६- स्थानीय योजना तर्जुमा प्रक्रियामा बाल क्लब र बाल सञ्जालको सक्रिय सहभागिता अनिवार्य गरिनेछ; साथै बाल क्लबहरूको गठन/पुनर्गठन गरी पालिकामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ र उनीहरूलाई तालिम तथा सामग्री उपलब्ध गराइनेछ।

७- सामाजिक सुरक्षा भत्ता पाउने बालबालिकाको रकम पोषणमै खर्च होस् भनी सचेतना जगाइनेछ र गाउँपालिकालाई बालमैत्री स्थानीय शासन तथा बालश्रम मुक्त पालिका घोषणा गर्न आवश्यक कार्य गरिनेछ।

८- युवा जनशक्तिलाई सीप विकास र स्वरोजगार प्रवर्द्धन कार्यक्रममा आवद्ध गरिनेछ; साथै विकास व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहमा आफैं वा विभिन्न संघ-संस्थामार्फत युवा स्वयंसेवक परिचालन गरिनेछ।

९- स्थानीय सरकार सञ्चालन ऐन अनुसार ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्र वितरण, सचेतना, सामाजिक सुरक्षा र आवश्यक सहायक सामग्री वितरण जस्ता लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०-ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको सहजताका लागि वडास्तरमा घुम्ती शिविर सञ्चालन गरिनेछ र पुराना विवरणहरूको डिजिटाइजेशन गरी आगामी दिनमा अनलाइन प्रणालीमार्फत परिचय पत्र वितरण गरिनेछ।

११-मानव अधिकार प्रवर्द्धनका कार्यक्रम सञ्चालन र आवधिक प्रगति प्रतिवेदन तयार गरिनेछ; साथै पालिकामा कार्यरत गैरसरकारी संस्थाहरूको वार्षिक कार्यक्रमलाई स्थानीय बजेटमा समावेश गरी नियमित अनुगमन र प्रगति समीक्षा गरिनेछ।

## च. संस्कृती प्रवर्धन

१- स्थानीय स्तरका कला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप, प्रविधि र पुरातात्विक सम्पदाहरूको विवरण अद्यावधिक (Update) गरी तिनीहरूको संरक्षण, उपयोग र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२- सांस्कृतिक सम्पदाको संरक्षण, व्यवस्थापन र सम्बन्धित निकायको संरचनागत सुधार तथा आवश्यकता अनुसार नयाँ संरचना स्थापना गरिनेछ।

३- संगीत, गीत, नाच, सोरठी, भैलो, तीज लगायत परम्परागत तथा आधुनिक सांस्कृतिक विधाको संरक्षण र प्रोत्साहन गरिनेछ। साथै लोकसँस्कृति पुस्तान्तरण गर्ने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

४- लोकगीत, लोककथा, उखानटुक्का, भजन, सिप, लोककला, शिल्पकलाको अभिलेखिकरण, अध्ययन र संरक्षण गरिनेछ।

५- नव प्रतिभाको पहिचान र सम्मान गरिनेछ। साथै, ऐतिहासिक, सांस्कृतिक तथा तिर्थस्थलहरूको परिचयात्मक विवरण तयार गरिनेछ।

## छ. सामाजिक सुरक्षा तथा पञ्जिकरण

१- सामाजिक सुरक्षा भत्ता तथा अनलाइन घटना दर्ता कार्यलाइ थप प्रभावकारी बनाउन बैंक र पालिका बिच समन्वय गर्ने कार्यलाइ निरन्तरता दिइने छ । अति अशक्त लाभग्राहिहरु लाई बैंक संगको समन्वय मा घरमा पुगि सेवादिने कार्य गरिने छ ।

२- अनलाइन घटना दर्ता कार्यलाइ थप ब्यवस्थित गर्नुका साथै पहुँच अभिबृदी को लागि घटना दर्ता शिबिर, घटना दर्ता सप्ताह ,जस्ता कार्यक्रमहरुलाई थप ब्यवस्थितरुपमा अगाडी वढाइनेछ।

३- पञ्जीकरण प्रणालीलाई निरन्तर सुधार गर्न कर्मचारीहरुको क्षमता विकास र अभिमुखीकरण गरिने छ ।

### ज. न्याय सम्पादन

१- उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा रहेको न्यायिक समितिलाई साधनस्रोत सम्पन्न बनाई नियमित इजलास बस्ने व्यवस्था मिलाइनेछ।

२- प्रत्येक वडामा कम्तीमा एक-एक वटा सूचीकृत मेलमिलाप केन्द्र (Mediation Center) स्थापना गरी स्थानीय स्तरमै विवाद समाधान गर्न मेलमिलापकर्ताहरू परिचालन गरिनेछ।

३- पालिकामा दर्ता भएको कुनै पनि विवाद १ महिना भित्रै किनारा लगाइनेछ । न्यायिक समितको अधिकारक्षेत्र भित्रका विवाद समाधानलाई ZERO PENDING नीति अख्तियार गरी सत प्रतिसत मुद्दा फछ्यौंट गरिने छ ।

## ३. पुर्वधार विकास

१- पालिकामा एक "आयोजना मर्मत-सम्भार कोष" (Maintenance Fund) स्थापना गरी कुल पूर्वाधार बजेटको निश्चित प्रतिशत रकम विनियोजन गरिनेछ।

२- प्रत्येक आर्थिक वर्षको सुरुमै सडक, सिँचाइ, र खानेपानी आयोजनाहरूको 'मर्मत-सम्भार कार्ययोजना' (Annual Maintenance Plan) स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

३- ठूला र रणनीतिक आयोजनाहरूको प्राविधिक परीक्षण (Technical Audit) गराउने व्यवस्था मिलाइनेछ।

४- उच्च प्रतिफल, समतामूलक र पिछडिएको क्षेत्रलाई प्राथमिकता दिँदै आयोजना बैंक तयार गरी त्यसमार्फत मात्र बजेट विनियोजन गरिनेछ।

५- ।उपभोक्ता समितिबाट सम्पन्न हुने आयोजनाको दीगोपना र गुनस्तरीयतामा स्वयः समितलाई नै जवाफदेही बनाउन उचित संयन्त्र तयार गरिने छ । त्यस्ता उपभोक्ता समितिहरुलाई निरन्तर अभिमुखिकरण गर्ने कार्यलाई सघन गराईने छ ।

### क. सडक तथा पुल

१- पालिकाको सडक गुरुयोजना (LRMP - Local Road Master Plan) को प्राथमिकताका आधारमा मात्र सडक निर्माण तथा कालोपत्रे/ग्राभेलका आयोजनाहरू छनौट गरिनेछ। प्राथमिकतामा नपरेका स्थानमा र दीगो उपयोगमा नआउने स्थानमा नयाँ कटिगं र ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरी नयाँ ट्र्याक खोल्दा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) अनिवार्य गरिनेछ। पुराना सडकलाई वाहैमास चलन सक्ने गरी सुधार गर्न प्रबन्ध गरीने छ ।

कुल बहादुर खत्री
अध्यक्ष

२- सडक सुरक्षा (Road Safety) का मापदण्डहरू पालना गर्न सचेतना र जागरणमुखी कार्यक्रम लागु गरिनेछ ।

३- बबई गाउँपालिकाको अन्तर पालिका र अन्तर प्रदेश जोड्ने सडकहरुको निर्माणमा प्राथमिकताका साथ अगाडि वढाइनेछ।

४- सबै सडकमा पानी बग्ने नालीको अनिवार्य व्यवस्थापन गरिनेछ, जसले सडक दीगो र सुरक्षित बनाउनेछ।

५- स्थानीय साधन, स्रोत, सीप प्रयोग गर्दै महिला, दलित, आदिवासी, उत्पीडित समुदायलाई लाभ हुने गरी सडक योजनाहरू सञ्चालन गरिनेछ।

६- आवश्यकताका आधारमा पक्की तथा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

७- कृषकहरुबाट उत्पादित उपजलाई उत्पादन स्थलबाट बजार विन्दु सम्म र उत्पादनका साधनहरुलाई बजार देखि उत्पादन गर्ने ठाउँ सम्मको पहुँचमा सहज र सरलता कायम गर्ने खालका सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

## ख. सिंचाई

१- सिंचाई आयोजना व्यवस्थापनमा ३३% महिला सहभागिता सहित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ र योजना सम्पन्न भएपछि अनिवार्य सामाजिक परीक्षण (Social Audit) गराइनेछ।

२- सिंचाई सुविधामुक्त क्षेत्रमा नवीकरणीय ऊर्जा (सौर्य/विद्युत्) को समन्वयमा लिफ्टिङ सिंचाई आयोजना निर्माण गरिनेछ।

३- कृषक समूहहरूको वास्तविक आवश्यकता र मागका आधारमा बोरिङ, इनार तथा पाइप वितरण जस्ता साना सिंचाई योजनाहरू सञ्चालन गरिनेछ।

४- उत्तरी भेगमा कृत्रिम जलाशयको सम्भाव्यता अध्ययन र डिपिआर (DPR) तयार गरी पूर्वाधार गुरुयोजनाका आधारमा बजेट विनियोजन गरिनेछ।

५- वर्षाको पानी सञ्चय, रिचार्ज पोखरी निर्माण र पुराना कुलोहरूको संरक्षणका लागि "आयोजना मर्मत-सम्भार कोष" बाट अनिवार्य बजेट व्यवस्था गरी वर्षैभरी सिंचाई सुनिश्चित गरिनेछ।

## ग. भवन तथा सहरी विकास

१- पालिका र अन्तर्गतका सम्पूर्ण सार्वजनिक भवनहरू निर्माण गर्दा राष्ट्रिय भवन संहिता (NBC - National Building Code) अनिवार्य रूपमा लागू गरिनेछ।

२- नयाँ बन्ने र पुराना सार्वजनिक संरचनाहरूलाई क्रमशः अपाङ्गतामैत्री, लैंगिकमैत्री र बालमैत्री (Accessible Infrastructure) बनाइनेछ।

३- गाउँपालिका तथा वडा कार्यालय सफा सुन्दर राख्न प्रभावकारी नीति लिइने छ ।

## घ. उर्जा

१- बबई गाउँपालिकामा विद्युतीय पहुँच नभएका बस्तीहरूमा विद्युत् विस्तारलाई प्राथमिकता दिइनेछ। साथै जीर्ण पोल तथा तार मर्मत र खुला तार प्रणालीलाई केबल प्रणालीमा रूपान्तरण गर्न नेपाल विद्युत् प्राधिकरणसँग आवश्यक समन्वय र बजेट साझेदारी गरिनेछ।

२- सरकारी कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरूमा अनवरत सेवा प्रवाहका लागि आवश्यकता अनुसार पावर ब्याकअप (सोलार/इन्भर्टर) को व्यवस्था गरिनेछ। यसका लागि वैकल्पिक ऊर्जा

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ङ. संचार

१- स्थानीय सञ्चार माध्यमहरूलाई व्यवस्थित र उत्तरदायी बनाउन पालिका भित्र सञ्चालित पत्रपत्रिका, रेडियो तथा टेलिभिजनहरूलाई पालिकामा सूचीकृत गरिनेछ। सामुदायिक रेडियोहरूको संरक्षण र सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२- नयाँ-नयाँ सूचना प्रविधिको अवलम्बन गर्दै गाउँपालिका भित्र टेलिफोन तथा मोबाइल नेटवर्क प्रणालीलाई गुणस्तरीय र चुस्त बनाउन नेपाल टेलिकम लगायतका सम्बन्धित निकायहरूसँग समन्वय गरी नयाँ टावर निर्माण तथा मौजुदा टावरहरूको क्षमता वृद्धिका लागि पहल गरिनेछ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

### क. वन वातावरण

१- वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीतिबारे स्थानीय स्तरमा सचेतना वृद्धि गरी बबई गाउँपालिकालाई वातावरणमैत्री पालिका घोषणा गर्ने कार्य अघि वढाइनेछ।

२- वनजन्य वस्तुहरूको बिक्री-वितरणमा नियमानुसार १० प्रतिशत रोयल्टी/सेवा शुल्क लिने व्यवस्थालाई सुदृढ गरिनेछ; र यसरी सङ्कलन हुने आन्तरिक राजस्व वृद्धि गर्दै सामुदायिक वनहरूसँगको साझेदारीमा स्थानीय पूर्वाधार र मानव विकासका कार्यक्रमहरूमा सहकार्य गरिनेछ।

३- साल, चिउरी, सुनकाउली, अम्रिसो, अलैंची, कुरिलो लगायतका बहुमूल्य काष्ठ तथा गैरकाष्ठ प्रजातिको खेतीलाई निजी र सार्वजनिक जमिनमा विस्तार गरिनेछ। र यस कार्यमा आवद्ध हुने महिला, युवा तथा लक्षित वर्गलाई उत्पादनमा आधारित अनुदान र पुरस्कारमार्फत प्रोत्साहित गरिनेछ।

४- पालिका भित्रका बाँझो र सार्वजनिक जमिनमा व्यापक वृक्षारोपण गरिनेछ। जोखिमपूर्ण रुखहरूको कानुनी प्रक्रिया पुऱ्याएर वैज्ञानिक व्यवस्थापन गरिनेछ। विपद् जोखिम न्यूनीकरण सूचक अनुसार पहिरो तथा भूक्षय नियन्त्रणका लागि बायो-इन्जिनियरिङ (जैविक इन्जिनियरिङ) प्रविधिलाई प्राथमिकताका साथ अवलम्बन गरिनेछ।

५- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गरिनेछ। न्यून हरित ग्यास उत्सर्जनलाई बिकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

६- स्थानीय स्तरमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न अनुकूल योजना निर्माण र कार्यान्वयन गरिनेछ। पूर्वाधार विकासका क्रममा आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिनेछ।

### ख. विपद व्यवस्थापन

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

१- पालिका स्तरीय र सबै वडाहरूमा "वडा, विपद् व्यवस्थापन समिति" (WDMC) लाई सक्रिय बनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP - Disaster Preparedness and Response Plan) लाई वार्षिक रूपमा अद्यावधिक गरिनेछ।

२- पालिकामा एक गैर-फ्रीज हुने "विपद् व्यवस्थापन कोष" (Disaster Management Fund) को स्थापना गरी पर्याप्त बजेट विनियोजन गरिनेछ र आपत्कालीन अवस्थामा तत्काल परिचालन हुने संयन्त्र बनाइनेछ।

३- विपद्को पूर्वसूचना प्रणाली (Early Warning System) र खोज तथा उद्धार सामग्री (Search and Rescue Gear) को बफर स्टक सहित "स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र" (LEOC) लाई २४ सै घण्टा क्रियाशील बनाइनेछ।

४- आगलागी, बाढी, र शीतलहर जस्ता मौसमी विपद् न्यूनीकरणका लागि सचेतना र क्षमता विकासका कार्यक्रमहरू सूचक केन्द्रित रूपमा सञ्चालन गरिनेछ।

५- विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाइनेछ।

६- बाँके राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको अधिकार संरक्षण गर्न, मध्यवर्ती क्षेत्रको वहुआयामिक लाभको न्यायिक वितरण गर्न र मानव र बन्यजन्तुवीचको द्वन्द्व न्यूनीकरण गर्न संघीय र प्रदेश सरकार संग समन्वय र विकास क्रियाकलापमा साझेदारी गर्ने नीति लिईने छ । दीर्घकालिन समाधानका लागि सम्भाव्यता अध्ययन गरी क्रमागत विकास गर्ने गरी कार्यक्रम तय गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकास :

### क. शासकीय प्रबन्ध, सेवा प्रवाह तथा संस्थागत सुदृढीकरण

१- स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको ७ वटा चरणहरूको पूर्ण पालना गरी टोल, वडा र पालिका स्तरमा बस्तीस्तरका योजनाहरू तर्जुमा गरिनेछ। बस्तीस्तरका योजना छनौट र प्राथमिकीकरणमा वडाका प्रत्येक जनप्रतिनिधि सदस्यहररुलाई जिम्मेवारी बाँडफाड गरी योजना तथा वजेट निर्माण प्रकृयामा सक्रिय बनाईने छ।

२- पालिका तथा सबै वडाहरूमा वर्षको कम्तीमा चार पटक सार्वजनिक सुनुवाइ र विकास आयोजनाहरूको उपभोक्ता समिति तथा वडा स्तरमा सामाजिक परीक्षण (Social Audit) अनिवार्य रूपमा गराइनेछ।

३- प्रत्येक ३/३ महिनामा पालिकाका मुख्य निर्णयहरू, बजेट खर्चको विवरण, र योजनाहरूको प्रगति विवरण वेवसाइट तथा सार्वजनिक सूचना पाटी मार्फत स्वतः प्रकाशन (Proactive Disclosure) गरिनेछ।

४- पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आवधिक विकास योजनाका आधारमा मात्र वार्षिक विकास कार्यक्रमहरू तय गर्ने नीति लिईनेछ ।

५- सबै सेवा प्रवाह गर्ने कार्यालय र वडाहरूमा क्षतिपूर्ति सहितको डिजिटल वा सप्रमाण नागरिक वडापत्र राखिनेछ। गुनासो व्यवस्थापनका लागि 'हेलो सरकार' डेस्क, गुनासो पेटीका र अनलाइन

पोर्टललाई सक्रिय बनाई प्राप्त गुनासोको ७ दिनभित्र फछ्र्यौट गरिनेछ। गुनासो सम्बोधनमा सम्वन्धित निकाय प्रमुखलाई बढी जिम्मेवार बनाईने छ ।

६- कार्यपालिका अन्तर्गतका विषयगत समितिहरू (जस्तैः योजना तथा बजेट तर्जुमा समिति, सार्वजनिक सेवा तथा सुशासन समिति) को बैठक नियमित रूपमा सञ्चालन गरी निर्णयहरू अभिलेख गरिनेछ।

७- महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएको बेरुजुलाई न्युनीकरण गर्न बेरुजु फछ्र्यौट संरचनालाई क्रियाशील बनाइनेछ ।बेरुजु फछ्यौंट सप्ताह सञ्चालन गरी कर्मचारीको कार्यसम्पादन मुल्यांकन संग आवद्ध गर्न उचित प्रवन्ध गरिने छ।

८- पालिका र सबै वडाहरूको आधिकारिक वेवसाइटलाई दैनिक रूपमा अद्यावधिक (Update) गरिनेछ। सम्भव भएसम्मका स्थानीय सेवाहरू, कर भुक्तानी र सिफारिसहरूलाई अनलाइन प्रणालीमा रूपान्तरण गरिनेछ।

९- राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च गर्न तथा समयसापेक्ष सेवा सुविधा सुनिश्चित गर्न संघ तथा प्रदेश सरकारले लिएको नितिलाई अबलम्बन गरिने छ।

१०-कार्यसम्पादन र कार्यप्रगतिका आधारमा राष्ट्रसेवक कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्था गरि मनोबल उच्च वनाइनेछ।

११-बबई गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई प्रचलित ऐन र गाउँपालिकाको आर्थिक क्षमता अनुरुप सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि वजेट विनियोजन गरिने छ ।

१२-नागरिकलाई घरदैलो मै सेवा उपलब्ध गराउन पालिकाले एकिकृत घुम्ती शिविर जस्ता कार्यक्रम मार्फत सेवालाई नागरिक मैत्री बनाइ सेवा दिने छ।

१३-सरकारी वेतनधारी जुनसुकै कर्मचारी वा राष्ट्रसेवकका अधिकारहरुको लागि स्वस्थ सौदाबाजी गर्न खुल्ला एंब साझा संयन्त्रलाई सधै खुला गरिने छ ।तर अधिकारको नाममा राजनीतिक तटस्थता र प्रशासनिक प्रतिवद्धता जस्ता आधारभूत सिद्धान्तको वर्खिलाप हुने जुनसुकै क्रियाकलापमा कठोर नीति अवलम्बन गरिने छ । र राजनीतिक पदाधिकारी र कर्मचारी संयन्त्रवीच स्वच्छ सम्बन्ध कायम गरी जनताको सरल र न्यापूर्ण सेवा प्राप्त गर्ने आधारभूत अधिकारको संरक्षणमा सामुहिक प्रतिवद्धता कायम गरिने छ ।

१४-संघीय सरकार र प्रदेश सरकारले तय गरेको मापदण्ड र गाउँपालिकाको आन्तरिक आय, धान्न सक्ने क्षमता र कार्यवोझको विश्लेषण गरी प्रशाससनिक संरचनाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिने छ । कार्य चाप र जनशक्ति व्यवस्थापनको उचित सन्तुलन कायम गरिने छ ।

१५-सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई राष्ट्रिय नीति अनुरुप स्वास्थ्य विमा कार्यक्रममा सहभागी गराइनेछ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

**ख. राजश्व तथा आन्तरिक स्रोत परिचालनः**

१- करको दर बढाउनु भन्दा दायरा विस्तारलाई प्राथमिकता दिई सबै पेसा व्यवसायहरूलाई करको दायराभित्र ल्याइनेछ।

२- कर प्रणालीका प्रशासनिक, कानुनी तथा प्राविधिक प्रक्रियाहरूलाई सरलीकरण र स्पष्ट बनाउँदै कर सङ्कलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधि (IT) मा आवद्ध गरिनेछ।

३- करदातालाई सहज रूपमा कर तिर्ने वातावरण बनाउन आवश्यक जनशक्ति परिचालन गरिनेछ; साथै, करदाताको विवरण देखिने एकीकृत कार्ड उपलब्ध गराई सोही आधारमा सेवा प्रवाह र विकास निर्माणमा संलग्न गराइनेछ।

४- आम नागरिक र करदाताका लागि शिक्षा तथा सचेतना कार्यक्रमहरू निरन्तर सञ्चालन गर्न निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेसागत संघसंस्थाहरूसँग सहभागिता र समन्वय गरिनेछ।

५- चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अपनाइनेछ; साथै, कर नतिर्ने व्यक्ति वा नागरिकलाई नियमानुसार तिर्नुपर्ने कर नतिरेसम्म सार्वजनिक सेवाका अवसरबाट बञ्चित गराउने नीति अवलम्बन गरिनेछ।

अन्त्यमा,

गाउँसभामा उपस्थित सदस्यहरु, सम्पूर्ण अतिथिहरु, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, किसान, मजदुर, उधोगी, व्यावसायी, निजि क्षेत्र, नागरिक समाज तथा आम जनसमुदाय लगायत सबैमा समृद्ध बबई निर्माणका लागि यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा सहित धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष
बबई गाउँपालिका

मितिः २०८३ जेठ २५ गते ।